# काठमाडौँ शिक्षा क्याम्पसका अध्यापकहरूको आचार संहिता

१. आफूले अध्यापन गर्ने विषयवस्तु र शिक्षण विधिको राम्रो तयारी गरी शैक्षणिक क्रियाकलापमा संलग्न रहने,
२. कोर्स ब्रेक डाउनलाई प्रमुख आधार मानी पठनपाठनलाई व्यवस्थित गर्ने,
३. विषयवस्तुको प्रकृति अनुसार शिक्षण विधि र सामग्रीको प्रयोग गरी शिक्षण गर्ने तथा विद्यार्थीलाई आवश्यकता अनुसार Hands Out उपलब्ध गराउने,
४. प्रयोगात्मक परीक्षा, सीप विकास, व्यक्तित्व विकास जस्ता रचनात्मक कार्यहरूमा विद्यार्थीहरूलाई बढीभन्दा बढी सहभागी बनाउने,
५. क्याम्पसका आन्तरिक एवम् बाह्य परीक्षामा आवश्यकता बमोजिम सहभागी भई परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन पहल गर्ने,
६. विद्यार्थीलाई प्रत्येक एकाइ परीक्षा सम्पन्न भएपछि गृहकार्य दिएर त्यसको परीक्षण गरी पृष्ठपोषण दिने,
७. बाह्य परीक्षा हुनुभन्दा अगाडि नमुना प्रश्नसहित तयारी कक्षा सञ्चालन गर्ने,
८. तोकिएको अवधिमा आफ्नो कक्षाको पठनपाठन समाप्त नभएमा अतिरिक्त कक्षा लिई पुरा गर्ने ।
९. क्याम्पसको वार्षिक कार्ययोजना निर्माण एवम् लागु गर्न व्यवस्थापनलाई सहयोग गर्ने,
१०. क्याम्पसले आयोजना गरेका स्टाफ बैठक एवम् आवश्यक ठानी बोलाइएको अन्य बैठकमा अनिवार्य उपस्थित हुने,
११. समय समयमा सङ्काय वा विषय समितिको सक्रियतामा आफूले पढाउने विषयमा विद्यार्थी तथा अध्यापकबीच हुने अन्तरक्रियामा सहभागी हुने,
१२. बिदामा बस्नुपर्ने अवस्थामा स्वीकृत गराउनु पर्ने,
१३. एउटै समयमा अन्यत्र काम नगर्ने बाकीँ समयमा क्याम्पसदेखि बाहिर कुनै स्थान/कार्यमा संलग्न हुनु परेमा क्याम्पसको पूर्व स्वीकृति लिने,
१४. आफ्ना गुनासाहरू सम्बन्धित निकायमार्फत उपयुक्त ढङ्गले प्रस्तुत गर्ने,
१५. प्राज्ञिक तथा शैक्षिक उन्नयनका लागि क्याम्पस प्रशासनले गरेका हरेक निर्णयहरूको पालना गर्ने,